**Interdisciplinary Research in Education**
Volume 8, Issue 1, 2023: 13-21
DOI: https://doi.org/10.3126/ire.v8i1.56722

# निर्वाचनमा नागरिक दायित्व

**श्यामप्रसाद फूएल**

shyamphuyal0@gmail.com
सहप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

**शब्दकुन्जी**

*निर्वाचन*
*लोकतन्त्र*
*सहभागिता*
*राजनीति*
*बालिग मताधिकार*

**लेखसार**

*प्रस्तुत लेख निर्वाचनप्रति नागरिक सहभागिता अभिवृद्धिका आधारहरूको खोजी गर्नुसँग सम्बन्धित छ । मतदानले निर्वाचित प्रतिनिधिलाई दायित्व बोध र सचेत गराउँदछ। लोकतन्त्रलाई जीवन्त र गतिशील बनाउने काममा आवधिक निर्वाचनको अहम् भूमिका रहन्छ । लोकतन्त्रको आधारका रूपमा रहेको निर्वाचनमा व्यापक जनसमर्थन र सहभागिताको खाँचो पर्दछ । लोकतन्त्रको अस्तित्व एवम् निर्वाचनको सार्थकता जनसहभागितामा अडेको हुनाले नागरिक सहभागिताको आधारलाई पहिचान गर्दै थप अभिवृद्धिका उपायहरूको खोजी गर्नु यस लेखको मूल उद्देश्य हो । गुणात्मक प्रकृतिको यस लेखमा द्वितीयक सामग्रीको अध्ययन विश्लेषण गर्दै निष्कर्षमा पुग्ने कोसिस गरिएको छ । यो लेख वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन विधिमा आधारित छ । यसमा निर्वाचन र नागरिक सहभागिताको विषयलाई मात्र आधार मानेर अघि बढ्ने प्रयत्न गरिएको छ । निर्वाचनमा नागरिकहरूको राजनीतिक संस्कार निर्माणमा आधारको खोजी गर्दै निष्पक्ष निर्वाचनका मार्गहरू पहिल्याउनका लागि समेत सहभागिताको प्रश्न टड्कारो रूपमा देखा पर्दछ । सहभागिताले निर्वाचनको सार्थकता र विश्वसनीयता थप्ने हुनाले यस लेखमा प्रस्तुत सहभागिताका आधारहरूलाई सम्बन्धित पक्षले अवलम्बन गरेमा निर्वाचनको गरिमालाई अझ उच्चो बनाउन मद्दत मिल्ने अपेक्षा गर्न सकिन्छ । प्रतिनिधिको छनोटमा आम नागरिकहरूको व्यापक र सक्रिय सहभागिताले मात्र शासकलाई जवाफदेही बनाउन सकिने हुनाले निर्वाचन प्रक्रिया पूर्ण रूपमा जनसहभागितामा अडेको हुन्छ भन्ने कुरा पुष्टि हुन्छ ।*

## परिचय

लोकतन्त्र, निर्वाचन, नागरिक लगायतका विषयहरु राजनीतिशास्त्रका चर्चित र सर्वव्यापक विषयहरू हुन् । यिनीहरू बिचको अन्तरसम्बन्ध र सामिप्यताले राजनीतिक प्रणालीलाई सजीवता प्रदान गर्दछ । निर्वाचन र नागरिक सहभागिताको प्रश्नले लोकतन्त्रलाई नाप्न र परिभाषित गर्नमा समेत मद्दत पुऱ्याउँदछ । आधुनिक लोकतन्त्रमा निर्वाचनलाई मानवअधिकार र स्वतन्त्रताको रक्षा गर्ने प्रभावकारी हतियारको रूपमा समेत लिइन्छ (सञ्जेल, २०७१) । लोकतान्त्रिक शासन प्रणालीमा जनतामा रहेको सार्वभौमसत्ताको वास्तविक अभ्यासको प्रयोगको रूपमा निर्वाचनलाई लिइन्छ । निर्वाचन मार्फत नागरिकहरूले निश्चित अवधि र सर्तको आधारमा आफूमा रहेको अधिकार जनप्रतिनिधिहरूलाई सुम्पन्ने गर्दछन् । सामान्यतया निर्वाचनले ठीक-बेठिक छुट्याउने, छान्ने, चुन्ने कुरालाई इंगित गर्दछ । दुई वा सो भन्दा बढी प्रतिस्पर्धी बिचबाट व्यक्ति, वस्तु, अधिकार वा बाटोहरूबाट एक वा बढी छान्ने वा चुन्ने काम जहाँ विकल्पहरूको छनोट, नीति निर्माणको प्रश्नमा आफ्नो मत वा निर्वाचनको प्रक्रियाबाट छनोट गर्ने कार्यलाई निर्वाचनको रूपमा लिइन्छ (सिंह, २०३८) । निर्वाचनलाई जनताको इच्छा वा अन्तर मनको प्रकट अवस्थाको रूपमा लिइन्छ । कसले शासन गर्ने भन्ने कुराको निर्धारण निर्वाचन मार्फत टुङ्गो लगाइन्छ । यो सत्ता हस्तान्तरणको कम जोखिमपूर्ण शान्तिपूर्ण र प्रभावकारी वैधानिक सर्वस्वीकार्य माध्यम हो । राजनीतिक नेतृत्वलाई नियन्त्रण गर्ने र नागरिकहरूलाई समेत जिम्मेवार ढङ्गले प्रस्तुत हुनका लागि अभिप्रेरित गर्ने काम निर्वाचनले गर्दछ ।

जनसंख्याको अभावमा राज्यको परिकल्पना गर्न सकिन्न । सम्प्रभु राज्यमा नागरिकहरूले सरकार बनाउने र राज्यद्वारा समाजलाई संगठित गर्ने गर्दछन् । राजनीतिक शक्तिको वैधानिक प्रयोगबाट नै वास्तवमा संवैधानिक राज्यको निर्माण हुन जान्छ । सम्प्रभु राज्यमा लोकतान्त्रिक अभ्यासको क्रममा नागरिकको भूमिका उच्च रहने गर्दछ । अन्तिम शक्ति केन्द्रको रूपमा जनतालाई लिइन्छ । जनतामा रहेको सार्वभौमसत्ताको अभ्यासको क्रममा कार्यकारिणी शक्तिको निर्माण हुने गर्दछ । यसर्थ आधुनिक राज्यलाई जनताद्वारा अनुमोदित सार्वजनिक व्यवस्थाको रूपमा लिइन्छ (दाहाल, २०६६) । निर्वाचनको माध्यमबाट कार्यकारिणी शक्तिको चयन हुने हुनाले यसमा नागरिकहरूको सक्रियताको परिकल्पना गरिन्छ । निर्वाचनलाई शान्तिपूर्ण, भयरहित, स्वतन्त्र, निष्पक्ष र जनविश्वासी बनाउनका लागि नागरिकहरूमा सचेतनापूर्वक सक्रियताको आवश्यकता पर्दछ । लोकतान्त्रिक शासन प्रणालीमा व्यक्ति प्रधान नभए पनि उसको सशक्त र प्रभावकारी एवम् सक्रिय उपस्थितिको आवश्यकता पर्दछ । निर्वाचनमा मतदाताको सचेततापूर्वकको सहभागिताले नै शासनको सर्वोच्च ओहादामा पुगेकाहरूलाई सडकमा रहेका जनताको मन जित्ने व्यक्तिलाई शासन सत्तामा पुऱ्याउने काममा नागरिकको नै अहम् भूमिका रहन्छ (पोखरेल, २०५०) । शासनलाई वैधानिकता प्रदान गर्नका लागि निर्वाचनमा नागरिकको भूमिका अहम् रहने गर्दछ ।

## उद्देश्य

यस अध्ययनका उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

क. निर्वाचनका आधारभूत पक्षहरूको जानकारी गराउनु,

ख. निर्वाचन र जनसहभागिताको सम्बन्ध देखाउनु,

ग. निर्वाचनमा नागरिक सहभागिताको सार्थकता पुष्टि गर्नु,

## अनुसन्धान ढाँचा र अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित भएर तयार गरिएको छ । यसमा वर्णनात्मक र

विश्लेषणात्मक अध्ययन विधिलाई अपनाइएको छ भने तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय अध्ययन प्रक्रियालाई अवलम्बन गरिएको छ। यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि द्वितीयक स्रोतका रूपमा रहेका विभिन्न पुस्तकहरू, पत्रपत्रिका, लेख तथा अनुसन्धानात्मक प्रतिवेदनहरूको प्रयोग गरिएको छ भने लेखकको आफ्नै अनुभव र भोगाइलाई समेत उपयोग गरिएको छ ।

### अध्ययनको सीमा

यो अध्ययन निर्वाचनमा नागरिकको सहभागितासँग सम्बद्ध विषयवस्तुको अध्ययन, तर्क र दृष्टिकोणमा आधारिधत भएर सङ्कलित सामग्रीको व्याख्या र विश्लेषण तथा निष्कर्षको निर्वाचनसम्बद्ध विषय र क्षेत्रमा मात्र सामान्यीकरण गरिने परिस्थिगत सीमामा सीमित भएर गरिएको छ ।

## निर्वाचन र नागरिक सहभागिताको अन्तरसम्बन्ध

निर्वाचनसँग सम्बन्धित आधारभूत विषयको प्रवेश आजभन्दा करिब २५०० वर्ष अघिदेखि नै प्राचीन ग्रीसबाट भएको मानिन्छ (फूएल, २०७५क) । लोकतन्त्र, निर्वाचन र जनसहभागिताको सम्बन्धमा त्यो समयको यथोचित योगदान रहेको थियो। त्यो समयमा सोफिष्टहरूले मानिसलाई सम्पूर्ण कुराको मापदण्डको रूपमा लिएका थिए र यही मान्यताका आधारमा युनानीहरूले आफ्ना धारणाहरूलाई व्यवहारमा अवलम्बन गर्ने कोसिस गरेका थिए । उनीहरूले राज्यको गतिविधिमा व्यक्तिको सक्रिय एवम् अर्थपूर्ण सहभागिताको पक्षपातीको रूपमा आफूलाई उभ्याएका थिए । उनीहरूले व्यक्तिको सुख सुविधाका लागि राज्यले सदैव आफूलाई समर्पित गर्नु पर्ने चिन्तन र दृष्टिकोण समेत प्रस्तुत गरेका थिए साथै राज्य सञ्चालन र प्रणालीलाई सजीव र गति प्रदान गर्नका लागि व्यक्तिको सक्रिय सहभागिताको मान्यतालाई समेत अघि सारेका थिए । उनीहरू मानिसलाई आफू स्वयम्का लागि चिन्तन गर्ने, आफ्नो विचार स्वतन्त्र ढङ्गले अभिव्यक्त गर्ने र सो अनुरूप आचरण गर्ने कुराको वकालत गर्दथे (भण्डारी, २०७१) । तत्कालिन समयमा राज्य र नागरिकको भावनात्मक सम्बन्ध माथि जोड दिइन्थ्यो भने नागरिकको योग्यता र क्षमताले प्रशस्त स्थान समेत पाउँथ्यो। समान अवसरले सबैको क्षमताको भरपुर उपयोग हुन गई यसले स्वयम् व्यक्तिको व्यक्तित्व विकासको अतिरिक्त यो अवस्था भनेको समाज र राज्यको उन्नतिका लागि कोशे ढुङ्गा हुने मत युनानीहरूले व्यक्त गरेका थिए । यसै सन्दर्भमा पेरिकल्सले भनेका थिए- "कार्यालयको लागि भनेर कुनै व्यक्ति जन्मँदैन, न त कसैले कार्यालय किन्न सक्दछ, मानिस आफ्नो योग्यता र दक्षताबाटै सुयोग्य पदमा पुग्दछ" (Coliver & Merloe, 1994)। व्यक्तिगत स्वतन्त्रताका पक्षपाती युनानीहरुले प्राचीन कालदेखि नै व्यक्तिलाई नेतृत्वको छनोटको अवसर र मौका प्रदान गरेका थिए। प्राचीन युनानबाट सिक्दै बामे सर्दै वर्तमान समयमा निर्वाचन मार्फत आधुनिक लोकतन्त्रको सुन्दर अभ्यास हुँदै आएको छ। मानव अधिकारको विश्वव्यापी घोषणा पत्र सन् १९४८ ले प्रत्येक व्यक्तिलाई मुलुकको शासनमा सोझै वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरूद्वारा भाग लिने अधिकारलाई सुनिश्चित गरेको छ (सञ्जेल, २०७१)। यस घोषणापत्रले पनि मताधिकार र नागरिकको शासनमा सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गरेको देखिन्छ । लोकतान्त्रिक शासन प्रणालीले जीवन्त ढङ्गले काम गर्नका लागि निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, भयरहित, विश्वसनीय एवम् पारदर्शी ढङ्गले सञ्चालनमा भने ल्याउनु पर्ने हुन्छ। निर्वाचनमा पारदर्शिताको अर्थ निर्वाचनको प्रक्रिया र कार्यविधिका बारेमा मतदाता उम्मेद्वार र राजनीतिक दल भरपुर रूपमा सचेत र चनाखो बन्नु पर्दछ। यसका लागि निर्वाचन विधि र परिणाम शङ्कारहित हुनुपर्दछ । निर्वाचन एक व्यक्ति, एकमत र समान मूल्यको मान्यताबाट अघि बढ्नु

पर्दछ । यसले मात्र निर्वाचनमा नागरिकहरूको सहभागितालाई अभिवृद्धि गर्दछ । अपनत्व र समानताको अनुभूति एवं आत्मबल प्रदान गर्दछ ।

प्राचीन ग्रीसमा स-साना नगर राज्यहरू थिए । त्यही नगरमा बस्ने व्यक्तिलाई मात्र नागरिक भनिन्थ्यो (फूएल, २०७५ख) । नगरको बसोबासीको रूपमा नागरिकलाई बुझिन्थ्यो । नगरको निश्चित परिधिभित्र निवास गर्ने व्यक्तिलाई नागरिक भनिन्थ्यो। एरिस्टोटलले नागरिकलाई त्यो व्यक्ति जो न्याय सम्पादन तथा सरकारी पद ग्रहण गर्नमा हिस्सेदार रहन्छ त्यो नागरिक हो भनेका छन् (Saward, 2001) । वर्तमान समयमा नगरवासी, राजनीतिक लगायतको अधिकारको उपयोग गर्ने व्यक्तिलाई मात्र नागरिक भन्ने जमाना छैन । राष्ट्रिय राज्यको वर्तमान समयमा राज्यको सिमानाभित्र रहेर निवास गर्ने ती व्यक्ति नागरिक हुन् जो राज्यद्वारा निश्चित अधिकार र दायित्वबाट बाँधिएका हुन्छन् । यसरी राज्यद्वारा अधिकार प्राप्त एवम् त्यसप्रति कर्तव्ययुक्त व्यक्ति नागरिक हो । राज्यले नागरिकताको निस्सा, अधिकारबाट सुशोभित र निश्चित कर्तव्यद्वारा युक्त व्यक्ति नागरिक हो । राज्यमा बस्ने जो कोही पनि नागरिक हुन सक्दछन् । यसमा जात, धर्म, लिङ्ग, वर्ण, वर्ग, भाषाभाषी लगायतको आधारमा विभेद हुँदैन । यसका लागि राज्यको निवासी, राजनीतिक अधिकार प्राप्त व्यक्ति र राज्यप्रतिको कर्तव्यलाई भने निस्वार्थ पालना गर्नुपर्ने हुन्छ । नागरिक हुनको लागि अधिकार र दायित्व सँगसँगै आउने गर्दछ ।

कुनै पनि राज्यको आधिकारिक सदस्य भएको नाताले प्राप्त अधिकारलाई नागरिक अधिकारको रूपमा लिइन्छ । सभ्य सामाजिक जीवनका लागि यो नभई नहुने अधिकार हो । यस्ता अधिकारका लागि कुनै पूर्व सर्त हुँदैन । शासन व्यवस्थामा प्रतिनिधित्वको अधिकार राजनीतिक अधिकार भएको हुनाले राज्यमा बसोबास गर्ने सबैले यो अधिकारको उपयोग गर्न पाउँदैनन् । नागरिकले मात्र यो अधिकारको प्रयोग गर्न पाउँदछन् तर गैरनागरिकले यस्तो अधिकार प्राप्त गर्न सक्दैनन् । नागरिकले समेत यस्ता अधिकारको प्रयोग गर्दा कानुनले तोकेका निश्चित सर्तहरूको पालना अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ । राजनीतिक अधिकार त्यस्तो साधन हो जसको आधारमा कुनै वयस्क नागरिकलाई राज्यको संविधान र कानुनद्वारा आफ्नो देशको सरकारमा सहभागिताको अधिकार प्राप्त हुन्छ (Khoban, 2019) । यस्ता राजनीतिक अधिकारमा मतदानको अधिकार, निर्वाचित हुने अधिकार, सरकारको स्वच्छ आलोचना गर्न पाउने लगायत अधिकारलाई लिइन्छ । प्रतिनिधिमूलक लोकतन्त्रमा जनताद्वारा निर्वाचित प्रतिनिधिले शासन गर्दछन् । यसर्थ निर्वाचन मार्फत निर्वाध रूपमा आफ्नो प्रतिनिधिलाई मत दिने अधिकार हुनु पर्दछ । मतदान गर्दा कुनै पनि वाहनामा रोकटोक वा अवरोध गर्न हुन्न साथै आफ्नो इच्छा विपरीत मतदान गर्न बाध्य बनाइनु हुन्न । राज्यभित्रका नागरिक जो सम्बन्धित मुलुकको कानुनले योग्य छ उसले निर्वाचनको समयमा उम्मेद्वारको रूपमा खडा हुने र आफ्नो पक्षमा मतमाग्ने प्रचारप्रसार गर्ने र निर्वाचित हुने अधिकार रहन्छ । जनप्रतिनिधि संस्थाबाट निर्वाचित सरकारलाई सधैँ जनताप्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारको स्वच्छ आलोचना गर्ने अधिकारलाई समेत राजनीतिक अधिकार र सहभागिताको सन्दर्भमा महत्त्वपूर्ण आधारको रूपमा लिइन्छ । निर्वाचनले जनताको इच्छा निर्धारण गर्ने काम गर्दछ । निर्वाचन मार्फत कसले शासन गर्ने भन्ने कुराको टुङ्गो लगाइन्छ । राजनीतिक नेताहरूलाई नियन्त्रण गरी जवाफदेही बनाउने शसक्त र प्रभावकारी माध्यम निर्वाचन भएको हुनाले निर्वाचनमा नागरिकहरूको सक्रिय सहभागिताले मात्र सार्वभौमसत्ताको वास्तविक र सार्थक प्रयोगमा सहयोग पुऱ्याउँदछ । सम्बन्धित मुलुकको कानुनले तोकेको उमेर पुगेको व्यक्तिले निर्वाचनमा सहभागिताको अवस्थालाई जिम्मेवारी

र दायित्वको रूपमा लिनु पर्दछ । संविधान र कानुनद्वारा निर्धारित उमेर नागरिकता र मतदाता नामावलीमा नाम सूचीकृतलाई भने अनिवार्य मानिन्छ ।

## निर्वाचन पद्धति, नागरिक सहभागिता र नेपालको संविधान

हिँजोआज लोकतन्त्रलाई नाप्ने र परिभाषित गर्ने कार्य समेत निर्वाचनका आधारमा गर्ने गरिन्छ । लोकतन्त्रको स्तर र स्थिति पत्ता लगाउन निर्वाचन पद्धति यसको स्वच्छता र निष्पक्षताको अवस्थालाई भने नजरअन्दाज गर्न मिल्दैन । निर्वाचन पद्धतिको सुरुवात ईशापूर्व छैटौँ शताब्दीमा युनानी राज्यहरूमा अभ्यासमा आएको थियो (शिवाकोटी, २०७०) । तथापि त्यस समयमा निर्वाचन पद्धतिका बारेमा खासै बहस छलफल चलाइएन । सन् १७८९ को फ्रान्सेली राज्यक्रान्ति पछि आधुनिक निर्वाचन पद्धतिका बारेमा वौद्धिक बहस तथा छलफल सुरु भएको मानिन्छ (भट्ट, २०६६) । निर्वाचनको सुरुको समयमा बहुमतीय निर्वाचन पद्धति वा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको अवलम्बन हुने गर्दथ्यो । सबैभन्दा बढी मत ल्याउने निर्वाचित हुने अवस्था यस पद्धतिमा रहन्छ । एकल सदस्यीय निर्वाचन क्षेत्रमा यसको प्रयोग हुने गर्दछ । यस निर्वाचन पद्धतिमा अल्पमतको प्रतिनिधित्व हुने संभावना न्यून रहन्छ । जसलाई यसको प्रमुख कमजोरीको रूपमा लिइन्छ । अल्पमतको प्रतिनिधित्वलाई सुनिश्चित गर्ने पद्धतिको रूपमा समानुपातिक निर्वाचन पद्धतिलाई लिइन्छ । यस पद्धति मार्फत अल्पसंख्यक जनसमुदायले पनि आफ्नो जनसंख्याको अनुपातमा प्रतिनिधित्वको अवसर प्राप्त गर्दछन् । गाउँघरको अनुहार व्यवस्थापिकामा प्रतिबिम्बित हुन्छ (फूएल, २०७५ग) । यस पद्धतिमा मत खेर जाँदैन, मत हस्तान्तरणको अवस्था रहन्छ । जातीय क्षेत्रीय, लिङ्गीय, अल्पसंख्यक, सीमान्तकृत लगायतको प्रतिनिधित्व हुने सुनिश्चितताको कारणले निर्वाचनमा मतदाताले अत्याधिक सहभागिता जनाउने अवस्था रहन्छ । समानुपातिक निर्वाचन पद्धति मार्फत राजनीतिक दलको अलवा समाजको विविधताको सम्बोधन वा प्रतिनिधित्व समेत हुने हुनाले जातजाति, भाषाभाषी, लिङ्ग, धर्म लगायतका मतभेदलाई न्यूनीकरण गर्दै जनसहभागिताको अभिवृद्धिमा यस निर्वाचन पद्धतिले मद्दत पुग्ने गर्दछ । यसर्थ समानुपातिक निर्वाचन पद्धति र नागरिक सहभागिता बिच अन्योन्याश्रित सम्बन्ध रहने गर्दछ । सबैको प्रतिनिधित्वको सुनिश्चितता हुनाले आम मतदातामा मनोवैज्ञानिक तुष्टि र सहभागिताो अभिवृद्धिमा मद्दत मिल्दछ ।

नेपालमा संवैधानिक इतिहासको तुलनामा निर्वाचनको थालनी केही पहिला देखिनै सुरु भएको देखिन्छ । नेपालको संविधान निर्माण र प्रयोगको हिसाबले क्रमशः सातौँ र छैठौँ भए पनि कतिपय सवालमा यो नवीन छ । संविधान निर्माणको पछिल्लो विधिशास्त्रले यस प्रक्रियामा जनताको सर्वोपरिता, जनसहभागिता र जनस्वामित्वले मात्र अपनत्वको अवस्था निर्माण गर्दछ भन्ने मान्यताले यस संविधानले आत्मबोध गरेको **प्रतित** हुन्छ (फूएल, २०७५ख) । नेपालका विगतका संविधानहरू, आयोग, राजा वा कार्यकारिणीको उपहारको रूपमा निर्माण भएकोमा हालको संविधान जननिर्वाचित संस्था संविधानसभाबाट निर्मित पहिलो संविधान हो । संविधानमा एकात्मक राज्य व्यवस्थाको सट्टा संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यतालाई आत्मसात गदै लोकतान्त्रिक मूल्य मान्यताको जगमा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन पद्धति, सम्मानजनक सामाजिक सुरक्षासँग सम्बन्धित मौलिक अधिकार, नागरिक स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, तिन तहको सरकार प्रत्यक्ष र समानुपातिक निर्वाचन पद्धतिको प्रयोगले जनसहभागिता अभिवृद्धिमा मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ (श्रेष्ठ, २०७२) । नेपालको

संविधानले संघीय संसद एवम् प्रदेश संसदमा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने र स्थानीय तहमा प्रत्यक्ष निर्वाचन प्रणाली अवलम्बन गरिए पनि स्थानीय पालिकाको प्रमुख वा उपप्रमुख मध्ये कम्तीमा एक जना महिला र वडामा सदस्यको रूपमा महिला, दलित महिला र अल्पसंख्यको प्रतिनिधित्वलाई सुनिश्चित गरेको देखिन्छ । वडा अध्यक्ष सहित पाँच जनाको वडा समितिमा कम्तीमा दुई जना महिलाको उपस्थितिलाई सुनिश्चित गरेको छ ।

नेपालको संविधानले प्रतिनिधि सभा र राष्ट्रिय सभा नामक दुई सदन सहितको एक संघीय व्यवस्थापिका रहने व्यवस्था गरेको छ । नेपालको प्रतिनिधि सभामा २७५ सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीबाट ११० जना निर्वाचित हुने व्यवस्था छ । समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेद्वारी दिँदा जनसंख्याको आधारमा आर्थिक, शैक्षिक तथा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीको आधारमा प्रतिनिधित्व गराउनु पर्ने स्पष्ट किटानी व्यवस्था छ (फूएल, २०७५ग) । संविधानमा भएको व्यवस्था अनुसार उम्मेद्वारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई ख्याल गर्दै अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वलाई सुनिश्चित गरिनुपर्ने प्रावधानले जनसहभागितालाई अभिवृद्धि गर्ने देखिन्छ । प्रदेश संसदको गठनमा पनि प्रतिनिधि सभाकै निर्वाचन प्रणाली अवलम्बन गरिने व्यवस्था छ ।

## निर्वाचनमा नागरिक सहभागिताको महत्त्व

नेपालमा विगतमा झैँ वर्तमान समयमा पनि निर्वाचनमा कुनै छेकवार छैन । आधुनिक बहुसंख्यक राज्यहरूले बालिग मताधिकारको आधारमा एक व्यक्ति, एकमत र एक मूल्यको आधारमा समान अधिकार प्रदान गरिएका छन् । बालिग मताधिकारका लागि सम्बन्धित मुलुकको संविधान तथा निर्वाचन सम्बन्धी कानुनले मतदानमा सहभागी बन्नका लागि तोकेको उमेर पुग्नु हो । मताधिकारका लागि बेलायत, अमेरिका, भारत, नेपाल लगायत मुलुकमा १८ वर्ष उमेर तोकिएको छ भने फ्रान्समा २१ वर्ष, एसिया महादेशमा रहेको अफगानिस्तानले महिला र पुरुषलाई अलग अलग उमेर तोकेको पाइन्छ । परिपक्व बालिगले योग्य प्रतिनिधि छनोट गर्न सक्दछन् भन्ने मान्यताका आधारमा उमेर तोक्ने गरेको पाइन्छ । जोनसनले "मताधिकारलाई नैतिक तथा कानुनी कर्तव्यको रूपमा उल्लेख गरेका छन् । यो व्यक्ति विशेषलाई दिइएको अधिकार नभई पद तथा नैतिक जिम्मेवारी हो" (Himmelross & Peltoniemi, 2021) । राजनीतिक शक्तिको वैधानिक प्रयोगको अवस्था निर्वाचन भएको हुनाले यसमा नागरिकहरूको सहभागिता र संलग्नताको ठूलो महत्त्व रहन्छ । लोकतन्त्र उत्तरदायित्वपूर्ण व्यवस्था हो, जहाँ सर्वसम्मत हुँदै बहुमतको शासनलाई स्वीकार गरिन्छ तर बहुमतको स्वेच्छाचारिताको कुनै स्थान रहन्न । प्रतिपक्षको सम्मान हुन्छ । शक्तिलाई नियन्त्रण गर्ने काम हुन्छ । निर्वाचनमा नागरिक सहभागिताको महत्त्वलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

### सामाजिक र राजनीतिक रूपान्तरण

निर्वाचन र निर्वाचन प्रणाली सरकार बनाउने एउटा साधन मात्र बन्नु हुँदैन । जनसहभागिता द्वन्द्व समाधानको शसक्त माध्यमको रूपमा देखापर्न सक्दछ । निर्वाचनले जातीय, क्षेत्रीय, धार्मिक, भाषाभाषी लगायत क्षेत्रमा देखिएका समस्यालाई सम्बोधन गर्दै सामाजिक र राजनीतिक रूपान्तरणका लागि काम गर्नुपर्दछ, जसका लागि व्यापक नागरिक सहभागिताको आवश्यकता पर्दछ । निर्वाचनले सौहार्दपूर्ण वा मेलमिलापपूर्ण, बढी ऐक्यवद्धता र समन्वयात्मक दिशातर्फ अग्रसर गराउनु पर्दछ ।

निर्वाचन प्रणालीले आफ्नो समूहबाट हटेर दल विशेषलाई मत दिनतिर प्रोत्साहन गर्न सक्नुपर्दछ (मिश्र, २०६५) । निर्वाचनमा जनसहभागिताले सुशासन, पारदर्शिता, उत्तरदायी, भ्रष्टाचारको न्यूनीकरण एवम् वैध प्रतिनिधित्वलाई सुनिश्चित गर्दै समाजका दरारहरूलाई साँघुरो बनाउँदै सामाजिक रूपान्तरण प्रणालीको दीर्घजीवनका लागि मद्दत पुऱ्याउँदछ ।

**लोकतान्त्रिक भावनाप्रति आस्था**

लोकतन्त्रमा विविधताको वैज्ञानिक समाधान र समाजका द्वन्द्वको अहिंसात्मक समाधान खोजिन्छ । विना विभेद शासनमा सहभागिताको अवसरले लोकतान्त्रिक प्रक्रिया र अभ्यासलाई नियमित, सुदृढ र प्रगति उन्मुख गराउन मद्दत मिल्दछ । एरिस्टोटलले भनेका छन्- "मानिसले पूर्णजीवन तब प्राप्त गर्दछ, जब उसले राजनीतिमा भाग लिन्छ" (पोखरेल, २०७५) । राजनीतिक सहभागिताले व्यक्तिगत स्वतन्त्रता र जनहितलाई सँगसँगै डोहोऱ्याउन मद्दत मिल्दछ । निर्वाचनमा समान रूपमा भाग लिने अवसर प्राप्त गर्दा आत्मसन्तुष्टि र उच्च सम्मानको अनुभूति दिलाउँछ । वर्तमान मान्यता यो छ कि जुन विषयले सबैलाई कुनै न कुनै रूपमा प्रभावित तुल्याउँछ त्यो सबैको निर्णय र सहभागिताबाट हुनु पर्दछ भन्ने कुरालाई व्यवहारबाटै स्थापित गर्न मद्दत मिल्दछ ।

**सहभागिताले जनसम्प्रभुताको पुष्टि**

निर्वाचन भनेको शासितहरूको अधिकारबाट शासकको नवीकरणको अवस्था र जनतामा रहेको जनसम्प्रभुताको पुष्टिको अवस्था पनि हो । निर्वाचनले प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ तर सँगसँगै कसको प्रतिनिधित्व भन्ने सवाल आउने गर्दछ । वालिग मताधिकारले जनतामा रहेको त्यही जनसम्प्रभुताको पुष्टि गर्दछ । यसर्थ नागरिकहरूले यसको प्रयोग होशियारीपूर्वक विवेकपूर्ण ढङ्गले गर्नुपर्दछ । आधुनिक राज्य जनताद्वारा अनुमोदित सार्वजनिक व्यवस्था हो । जनतामा निहित सर्वोच्च अधिकारलाई निर्वाचन मार्फत प्रयोगमा ल्याउने काम हुन्छ । मूलतः कानुन निर्माण र शासनका लागि प्रतिनिधि छान्नु, शासनमा हस्तक्षेप गर्नु, शासक परिवर्तन गर्ने कामका लागि सार्वभौमसत्ताको प्रयोग हुने गर्दछ ।

**जनताको विशेष हितको संरक्षण**

आधुनिक लोकतन्त्रमा समावेशी मान्यतालाई आत्मसात् गर्ने गरिन्छ । वालिग मताधिकारको आधारमा विना भेदभाव सबैले निर्वाचनमा सहभागी बन्न पाउँदा र समानुपातिक निर्वाचन प्रणालीको अवलम्बनको अवस्थामा नागरिकहरूले विशेष हितलाई समेत मूल प्रवाहमा प्रवाहीकरण गराउन सक्दछन् । उनीहरुले आफ्नो विशिष्ट स्वार्थको रक्षा गर्न सक्दछन् । अल्पसंख्यक, महिला, दलित, जनजाति, शहरी वा ग्रामीण जनता सबैले आ-आफ्नो हितको संरक्षण निर्वाचन मार्फत गर्न सक्दछ ।

**निर्वाचन र जनसहभागिताले राजनीतिक प्रशिक्षण**

निर्वाचन भन्ने वित्तिकै राजनीतिक दलसँगसँगै आउने गर्दछ । राजनीतिक दलको अभावमा निर्वाचनको परिकल्पना नै गर्न सकिन्न । व्यक्तिले मतदानमा सरिक हुनुपूर्व राजनीतिक दलको घोषणापत्र र उम्मेद्वारको प्रतिबद्धता पत्र वा वाचापत्रको तुलनात्मक अध्ययन गर्नुपर्दछ । यसरी घोषणापत्रको सूक्ष्म अध्ययन, विश्लेषण, र मूल्याङ्कन गरेर मात्र कहाँ मतदान गर्ने भन्ने कुराको टुङ्गोमा पुग्नु पर्ने हुनाले निर्वाचनले मतदातालाई व्यापक रूपमा प्रशिक्षण प्रदान गर्ने गर्दछ । आम नागरिकलाई राजनीतिक रूपले सक्षम बनाउँछ । तुलना गर्दै विवेक प्रयोगका लागि राजनीतिक प्रशिक्षणले मद्दत गर्दछ ।

**पाठ्यक्रम र शिक्षणमा अध्ययनको सान्दर्भिकता**

नेपालमा स्नातक र स्नातकोत्तर तहको राजनीतिशास्त्रको पाठ्यक्रममा निर्वाचन र नागरिकका राजनीतिक अधिकार एवम् कर्तव्य सम्बन्धी विभिन्न विषयवस्तुहरु समावेश गरिएको छ । त्यस्तै माध्यमिक तहका माथिल्ला कक्षाहरूमा सामाजिक अध्ययन मार्फत यस सम्बन्धी विषयहरुलाई अध्ययन अध्यापन गर्ने गरिन्छ । यसरी नै निर्वाचन आयोग, राजनीतिक दल, दवाव समूह, गैह्र सरकारी संस्था लगायतले निर्वाचन शिक्षा र मतदाता शिक्षा मार्फत यससँग सम्बन्धित विषयहरूलाई विभिन्न माध्यमको प्रयोग गरेर सम्प्रेषित गर्ने गर्दछन् । यस लेखले शिक्षक, विद्यार्थी एवम् जिज्ञासु पाठकलाई निर्वाचनमा नागरिक दायित्वको अनुभूत गराउन एक महत्त्वपूर्ण सहयोगी सामग्री बन्न सक्दछ भन्ने कुरालाई सहज अनुमान लगाउन सकिन्छ । निर्वाचन र नागरिक सक्रियता बिचको अन्तरसम्बन्धको बोध गराउन बढी स्पष्ट बन्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ । विद्यार्थीहरूले पाठ्यक्रमले तय गरेका विषयवस्तुको अलावा अन्य विभिन्न माध्यमको प्रयोगबाट व्यावहारिक ढङ्गले निर्वाचन र नागरिक दायित्वको बारेमा सुसुचित बन्न सक्नेछन् भन्ने सन्देशलाई सतहमा ल्याउनमा लेखले मद्दत पुऱ्याउने नै छ । निर्वाचनमा नागरिक दायित्वलाई अनुभूत गराउने र यससँग सम्बन्धित विभिन्न विषयको सिकाइ प्रक्रियालाई अझ प्रभावकारी र सम्बन्धित सबै सरोकारवालालाई जिम्मेवार तुल्याउन लेख सान्दर्भिक हुने कुरामा आशा लिन सकिन्छ । यसर्थ पाठ्यक्रममा समावेश विषयवस्तुको प्रभावकारी र सहज शिक्षणका लागि अध्ययनको सान्दर्भिकतालाई विश्वसनीय ढङ्गले परिकल्पना गर्न सकिन्छ । विषयवस्तुको गहिराइ निखरताको लागि समेत लेखको शैक्षिक एवम् शैक्षणिक महत्त्व रहने प्रतित हुन्छ ।

## निष्कर्ष

लोकतन्त्र अर्काको अधिकारप्रति सम्मान र समर्थन जनाउँदै आफ्नो अधिकार उपयोग गर्ने जीवन पद्धति र मान्यता हो । लोकतन्त्रमा जनतालाई अजय शक्ति र सार्वभौम सत्ताको निर्भयका साथ प्रयोगकर्ताको रुपमा लिइन्छ । सार्वभौमसत्ताको अभिव्यक्ति जनताले निर्वाचन मार्फत प्रकट गर्ने गर्दछन् । जनताले आफूहरूमध्येबाट आफ्नो हित रक्षाका लागि शासकको चयन गर्ने गर्दछन् । शासन व्यवस्थाका विभिन्न रूपहरूमध्ये लोकतन्त्रलाई सर्वोत्कृष्ट शासन व्यवस्थाको रूपमा स्वीकार गरिन्छ । लोकतन्त्रमा मानवअधिकार, आवधिक निर्वाचन, वालिग मताधिकार लगायतका नागरिक स्वतन्त्रताको निर्विवाद उपयोगको अवस्था रहने हुनाले यसलाई श्रद्धापूर्वक स्वीकार गरिन्छ । शासनमा जनताको सहभागिता र सरकार माथि नियन्त्रणको अवस्था रहन्छ । शासक हुनको लागि जनताद्वारा अनुमोदित हुनुपर्दछ र उसकै कल्याणका लागि निरन्तर क्रियाशिल रहनु पर्दछ । निर्वाचन मार्फत जनताले सार्वभौमसत्ता र राजकीय सत्ताको भरपुर उपयोग गर्ने गर्दछन् । सरकारको निर्माण, सञ्चालन र नियन्त्रणमा नागरिकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । जनताको सर्वोपरितालाई नागरिकले निर्वाचन मार्फत व्यक्त गर्ने हुनाले आम नागरिकहरूको सहभागितालाई निर्वाचन र निर्वाचन प्रणालीले सम्बोधन गर्ने गर्नुपर्दछ । अल्पसंख्यकले समेत आफ्नो प्रतिनिधिलाई व्यवस्थापिकामा पठाउने अवस्थाको सिर्जना हुनुपर्दछ । व्यक्तिहरू र संगठित समूहबीच राजनीतिक शक्तिको लागि अर्थपूर्ण प्रतियोगिता र सहकार्यको अवस्था देखिनु पर्दछ । निर्वाचनमा नागरिकहरूको अर्थपूर्ण सहभागिताका लागि राजनीतिक दलको क्रियाकलाप र आचरण लोकतान्त्रिक हुनुपर्दछ । निर्वाचन प्रणालीले सबैको प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्दछ । फरक विचारलाई सम्मान र हैसियत अनुसारको स्थान प्राप्त गर्ने अवस्था हुनुपर्दछ । यस्तो राजनीतिक संस्कृति र संस्कारको अवलम्बन

गर्नुपर्दछ जसले आम मतदातालाई उत्साहित र उत्प्रेरित गरोस् । निर्वाचन आम नागरिकको मनै देखिको संलग्नताले मात्र निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी, भयरहित, धाँधलीरहित एवम् फजुल खर्ची हुनबाट रोकी विश्वसनीय बनाउँछ । आम नागरिकप्रति आस्था र विश्वास जगाउँदछ । प्रस्तुत लेखमा निर्वाचन र जनसहभागिता बढाउने उपायहरूको खोजी गरिएको हुनाले नेपाल सरकार, निर्वाचन आयोग र यस विषयसँग चासो राख्ने जोकोहीलाई यस सम्बन्धमा अध्ययन गर्न र व्यवहारमा कार्यान्वयनमा ल्याउन मद्दत पुग्ने अपेक्षा गरिन्छ । निर्वाचनमा जनसहभागिताले यसको विश्वसनीयतालाई अझ बढाउन मद्दत पुग्ने विश्वास गर्न सकिन्छ। निर्वाचनमा विवेक, संयमता र उपयुक्त निर्णयको खाँचो पर्दछ। विवेकले समयलाई बुझेर विश्लेषण गर्न सघाउँछ, जसले परिपक्व नेतृत्व चयनमा मद्दत पुग्दछ । नागरिकहरूको निर्वाचनमा सहभागिताले मतदातालाई संयमित र विवेकी बनाएर जनउत्तरदायी सरकार निर्माणमा सघाऊ पुऱ्याउँदछ ।

## सन्दर्भसामग्री


दाहाल, काशीराज (२०६६), *आधुनिक राज्य निर्माण र संविधानको अन्तरविषयवस्तु,* काठमाडौं : फ्रेडरिक ईबर्ट स्टिफ्टुङ्ग ।

पोखरेल, कृष्ण (२०५०), *राजनीतिशास्त्रको सिद्धान्त,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स ।

पोखरेल, भाष्करप्रसाद (२०७५), *लोकतन्त्रमा निर्वाचनको महत्व,* इलाम : एनल्स अफ सोसल इष्टडिज एजुकेशन ।

फूएल, श्यामप्रसाद (२०७५क ), *नेपालको चुनावी राजनीति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

फूएल, श्यामप्रसाद (२०७५ख), *नेपालको राजनीति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

फूएल, श्यामप्रसाद (२०७५ग), *समकालीन राजनीति र नागरक शिक्षा,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

भण्डारी, बुद्धिप्रसाद (२०७१), *राजनीतिशास्त्रको सिद्धान्त र विश्लेषण,* काठमाडौं : पैरवी प्रकाशन ।

भट्ट, चन्द्रदेव (२०६६), *आधुनिक राज्य निर्माण र संविधानको अन्तर-विषयवस्तु,* काठमाडौं : फ्रेडरिक ईबर्ट स्टिफ्टुङ्ग ।

मिश्र, डिल्लीराम (२०६५), *नेपालको निर्वाचन इतिहास,* काठमाडौं : शारदा प्रेस ।

सञ्जेल, चन्द्रप्रसाद (२०७१), *निर्वाचन कानुन,* काठमाडौं : लुम्बिनी प्रकाशन ।

सिंह, टोपबहादुर (२०३८), *कानुनी शब्दकोष,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

श्रेष्ठ, अमन (२०७२), *संवैधानिक विकासको क्रममा नेपालको संविधान,* काठमाडौं : राष्ट्रिय सूचना मञ्च ।

शिवाकोटी, गोपाल (२०७०), *पहिचान र दर्शनको सङ्कटमा नेपाली राजनीतिक व्यवस्था,* काठमाडौं : पैरवी प्रकाशन ।

Coliver, S., & Merloe, P. (1994). *Guidelines for Election Broadcasting in Translational Democracies*. The Global Campaign for Free Expression, London

Himmelross, S. & Peltoniemi, J. (2021). External voting rights from a citizen perspective-comparing resident and non-resident citizens, attitudes towards external voting. *Scandinavian Politicval Studies, 44*(4), 34-50.

Khoban, Z. (2019). *What Citizens Learn from Elections: The Normative Conseuqnce of Voter Eligbility,* Electoral Studies. Uppasala University, Sweden.

Saward, M. (2001). *Making Democratic Connections: Political Equality, Deliberation and Direct Democracy*. Aata Polica, The University of Warwick.